# आर्थिक वर्ष २०८२/०८३ को
# वार्षिक नीति, कार्यक्रम तथा बजेट
## २०८२ असार १० गते

मकवानपुरगढी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

मक्राञ्जुली, मकवानपुर

बागमती प्रदेश, नेपाल

# मकवानपुरगढी गाउँपालिका, बाह्रौं गाउँ सभाको, प्रथम बैठकमा प्रस्तुत स्थानीय सरकारको नीति, कार्यक्रम तथा बजेट

## २०८२/०३/१०

आदारणीय सभाध्यक्ष ज्यू
गाउँसभाका सदस्यज्यूहरु,
गाउँपालिकाका कर्मचारीहरु, पत्रकारज्यूहरु एवम् उपस्थित सम्पूर्ण महानुभावहरु

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तह देखि नै सुदृढीकरण गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न नेपालको संविधान वमोजिम गठित स्थानीय सरकारको उपप्रमुखको तर्फबाट मकवानपुरगढी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा मैले गौरव महसुस गरेको छु ।

राष्ट्रलाई निरङ्कुश सामन्ती शासनप्रणालीको अँध्यारो युगबाट जनताका प्रतिनिर्धिमार्फत राज्य संचालन गर्ने संघीय लोकतान्त्रिक गणतन्त्रको उज्यालो युगमा पुर्याउने क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात बीर सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाइ गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मानसहित स्मरण गर्न चाहन्छु ।

लोकतन्त्रको आधारस्तम्भको रुपमा एवम् जनताले महसुस गर्न सक्ने र भेट्न सक्ने सरकारको रुपमा रहेको स्थानीय सरकारसँग जनताको विकास प्रतिको उच्च आकांक्षालाई समयोचित सम्बोधन गर्दै समग्र गाउँपालिका समृद्धि तर्फ तिव्र गतिको यात्रा तय गर्नु पर्ने अवस्थामा हामी स्थानीय सरकार रहेको छौं । यस विचमा स्थानीय सरकारको स्वरुपलाई संविधान प्रदत्त व्यापक क्षेत्राधिकार भएको वलियो स्थानीय सरकारको रुपमा रुपान्तरण गर्ने प्रक्रियालाई संगसंगै र सावधानीपूर्वक अघि बढाउनु परेको छ । यस्तो जटिल र चुनौतिपूर्ण मोडमा लोकतन्त्रको संस्थागत विकास गर्न सदा सजग र संवेदनशील रहि हाम्रो मकवानपुरगढी गाउँपालिका काम गर्दैछ, नतिजा ल्याउँदैछ र अघि बढ्दैछ ।

नेपालको संविधानले परिकल्पना गरेको तीन तहको सरकार, त्यसका अधिकार क्षेत्र र संघ, प्रदेश र स्थानीय सरकारविचको सहकार्य, समन्वय र सहअस्तित्व समेतको मर्म अनुसार नेपाल सरकार र प्रदेश सरकारले प्रस्तुत गरेको दिगो विकासको लक्ष्य प्राप्तिसहितको नीति तथा कार्यक्रम समेतलाई हृदयंगम गरी तथा हाम्रो गाउँसभा मार्फत पारित ऐन नियम तथा कार्यविधि समेतका आधारमा हाम्रो गाउँ पालिकाको बाँह्रौ गाउँसभाको प्रथम बैठक मार्फत आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम तय गरिएको छ ।

हामी निर्वाचित भइ आएको ३ वर्षको अनुभव गरेको एवम् निर्दिष्ट गरेको समृद्धिको खाकालाई अनुसरण गर्दै समग्र मकवानपुरगढी गाउँपालिका सुखद् भविष्यको बाटो तय हुने गरि यस वर्ष निति तथा

कार्यक्रम तयार गरिएको विश्वास हामीले गरेका छौं । स्थानीय सरकारको महत्वपूर्ण जिम्मेवारी प्राप्त गरेसँगै हामीले भौतिक संरचनाहरुको निर्माण, शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, उद्यमशीलता, रोजगरी, मानवीय विकास लगायतका क्षेत्रमा काम गर्यौं । हामीले विगतका समयदेखि भौतिक संरचनाहरुको निर्माणमा जुन हिसावले बजेट र प्राथमिकता दिईरहेका छौं, त्यो भन्दा अझै धेरै प्राथमिकता शिक्षा,स्वास्थ्य सामाजिक, सांस्कृतिक, बौद्धिक एवम् चेतनाको विकासमा दिनुपर्छ भन्ने मान्यतामा विश्वस्त छौं । यस अर्थमा हाम्रो आगामी आर्थिक वर्षको बजेट शिक्षा ,स्वास्थ्य एवम् लक्षित बर्ग र क्षेत्रको हितका पक्षमा केन्द्रित रहेको व्यहोरा जानकारी गराउँदछु । शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, पर्यटन तथा पूर्वाधारलाई हाम्रो नीति कार्यक्रम तथा बजेटले प्राथमिकतामा राख्ने जमर्को गरेको व्यहोरा समेत यहाँहरु समक्ष विश्वास दिलाउँदछु ।

यीनै तथ्य र अनुभवहरुलाई आत्मसाथ गर्दै यस गरिमामय गाउँ व्यवस्थापिकाको बाहौं गाउँसभाको प्रथम बैठकमा आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम र त्यसलाई लक्षित गरी प्रक्षेपण गरिएको आय र व्ययलाई अनुमोदन गर्दै सम्पन्न हुनेछ भन्ने अपेक्षा सहित मकवानपुरगढी गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट पेश गर्ने अनुमती माग्दछु ।

**आदारणीय सभाध्यक्ष ज्यू**

**गाउँसभाका सदस्यज्यूहरु,**

अब यहाँहरु समक्ष आ.व. २०८२/०८३ का लागि विषयगत क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**बार्षिक नीति, कार्यक्रम र बजेट**

## १.आर्थिक विकास

### क) कृषि :

१. "कृषकहरुलाई सम्मान, वर्गीकरण सहितको कृषक पहिचान भन्ने नारालाई साकार पार्न "मकवानपुरगढी भित्र रहेका कृषकहरुको वर्गीकरण गरि, गराई पहिचान सहितको किसान परिचयपत्र वितरणको कार्य सुरुवात गरिनेछ ।

२. मकवानपुरगढी गाउँपालिकाका कृषकहरुबाट उत्पादित स्थानीय एवं रैथानेवली कोदो, धानकोदो, जुनेलो, फापर, सिमि, आदि को न्युनतम समर्थन मूल्य निर्धारण गरि उत्पादनमा आधारित प्रोत्साहन अनदुान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३. मकवानपुरगढी गाउँपालिकाभित्र रहेको माध्यमिक विद्यालयहरुमा अध्ययनरत विद्यालयहरुलाई लक्षित गरी "पढ्दै, कमाउदै कार्यक्रम " लाई निरन्तरता प्रदान गरिने छ ।

४. संघ, प्रदेश र स्थानीयतहबाट संचालन गरिने कृषि विकासका कार्यक्रमलाई दोहोरोपना हुन नदिन तीनै तहको सरकार सँगको समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन पहल गरिनेछ ।

५. कृषि र पशु प्राविधिक तथा प्रसार सेवालाई प्रभावकारी बनाउन एक वडा एक कृषि र पशु प्राविधिकको व्यवस्था गर्न प्रयास गरिनेछ ।

६. रासायनिक मलखाद तथा विषादीको प्रयोगमा कमी ल्याउन भकारो सुधार, पशुमुत्र सङ्कलन, प्राङ्गारिक मल, भर्मी कम्पोष्ट, जैविक मल, बनस्पति जन्य कर जैविक विषादीको प्रयोग गर्न कृषकलाई प्रोत्साहन गरिनेछ ।

७. कृषकहरुको समय सापेक्ष ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न सचेतनामूलक तालिम, भ्रमण र गोष्ठी कार्यक्रम संचालन गरिनेछ ।

८. कृषि क्षेत्रमा भैरहेको डिजिटलाईजेसन प्रणालीलाइ निरन्तरता दिईनेछ ।

९.बाँझो जमिनको यथार्थ तथ्यांक संकलन गरी बाँझो जग्गा उपयोगमा ल्याउने नीति अनुरुप रैथाने अन्नबाली उत्पादन र घाँस खेति गर्ने कृषकलाई प्रोत्साहन गरिनेछ।

१०. बाली तथा पशुपन्छी बीमाको कार्यक्रमलाई प्रभावकारी बनाई सवै कृषकको पहुँचमा पुर्याइने नीतिलाई निरन्तरता प्रदान गरिनेछु ।

११. खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता गर्न संघ र प्रदेश सरकार सँग सहकार्य गरि कृषि उपज संकलन केन्द्र स्थापना गरी बिक्रीवितरण गर्ने कार्यका लागि पहल गरिनेछ ।

१२.सम्भाव्यताका आधारमा सार्वजनिक-निजी-साझेदारी (Public-Private-Partnership) अवधारणा अनुरुप स्थानीय कृषि जन्य कच्चा पदार्थमा आधारित उद्योग स्थापना गर्न प्रोत्सान गरिनेछ ।

१३. सामुहिक खेतीगर्न प्रोत्साहन गरिनेछ।साथै आवश्यकताको आधारमा संकलन केन्द्र, किसान बजार तथा हाट बजारको स्थापना गरी संचालनमा ल्याउन संग प्रदेशसंग सहकार्य गर्न पहल गरिनेछ ।

१४. कृषि योग्यजमिनमा सिंचाई पुर्याउनका लागि पोखरी, लिफ्ट सिंचाई, थोपा सिंचाई, स्प्रिंकल सिंचाईको व्यवस्था गरिनेछ ।

१५. माटो परिक्षण प्रयोगशाला सेवालाई प्रभावकारी बनाईनेछ साथै आवश्यकताको आधारमा घुम्ति माटो परिक्षण सेवा संचालन गरिनेछ ।

१६. नेपाल सरकारबाट अनदुानमा प्राप्त रसायनिक मल वितरण प्रणालीलाई बैज्ञानिक र प्रभावकारी बनाइनेछ ।

१७. विभिन्न वस्तुहरु  खाद्यान्न, तरकारी, दलहन, तेलहन, मौरी, मह, च्याउ, तथा फलफुल आदि को प्रवर्द्धनात्मक कार्क्रको संचालनको व्यवस्था मिलाइनेछ ।

१८. गाउँपालिकामा कार्यरत कृषि र पशु प्राविधिकहरुको क्षमता अभिवृद्धि गर्न कृषि अनुसन्धान,कृषि शिक्षा र कृषि प्रसार क्षेत्रमा कार्यरत अनुभवी विषय विशेषज्ञद्धारा तालिम/गोष्ठी/भ्रमण लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।

१९. कृषि प्रसार तथा प्राविधिक सेवाप्रवाह गर्न कृषि मेला प्रदर्शनी, कृषक दिवस, कृषक पाठशाला, प्रतियोगिता, परिक्षण प्रदर्शन, वाली उपचार शिविर, विभिन्न विषयगत दिवस तालिम, गोष्ठी, भ्रमण लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।

२०. यस गाउँपालिकाको एक वडा एक उत्पादन अनुसार १ नं. वडामा धान कोदो र जुनेलो, २ नं. वडामा गोल भेडा र बाख्रापालन, ३ नं. वडामा दुध र फलफुल, ४ नम्वर वडामा कोदो ,अदुवा र फलफुल ,५ नं. वडामा खुर्सानी र वेसार, ६ नं. वडामा तरकारी र फलफुल, ७ नं. वडामा रैथाने सिमि र अदुवा तथा ८ नं. वडामा वेमौसमी तरकारी र गोलभेडा खेती मुख्य उत्पादन मानी बजारीकरणमा सहयोग पुराउन सहकारीको साझेदारीमा कृषी एम्वलेन्स व्यवस्था गरिनेछ।

२१. गाउँपालिका भित्र निजि,सरकारी तथा सहकारी वाट संचालन भएका कृषि उपजमा आधारित दाना उद्योग तथा घरेलु तथा मझौला उद्योगहरुलाइ प्रवद्र्धन गर्ने निति लिइने छ ।साथै हाल संचालित उद्योगवाट उत्पादित चिज वस्तु ढुवानीको लागि नेपाल सरकारवाट कर छुटमा साधन खरिद गर्न आवश्यक पहल तथा समन्वय गरिनेछ ।

२२. गाउँपालिका बाट जग्गा बाँझो राखी बसाइसराइ भई जाने क्रमवढे बाट सबै क्षेत्रको विकास र समृद्धीका अभियानहरु प्रभावित हुने भएकोले जग्गा बाँझो नराख्नको लागि बाझो जग्गा खनजोत गरि खेती गर्ने कृषकहरुलाई उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२३. एक वडा एक उत्पादनकार्यको लागि PPP मोडलमा आवश्यक पर्ने वजेट लाई निरन्तरता दिइनेछ ।

## ख) पशुपालन

१. गाउँपालिकामा कार्यरत पशु प्राविधिकहरुको क्षमता अभिबृद्धि गर्न पशु अनुसन्धान, पशु शिक्षा र पशु प्रसार क्षेत्र कार्यरत अनुभवी विषय विशेषज्ञद्वारा तालिम गोष्ठी भ्रमण लगायतका कार्यक्रमहरुको संचालन गरिनेछ |

२. पशु प्राविधिकको व्यवस्था गरी सरल,शुलभ सेवा पशु उपचार, कृत्रिम गर्भाधान, गोबर परिक्षण, दुध परिक्षण तथा अन्य विविध सेवाहरु प्रदान गर्नको लागि पशु सेवा केन्द्र संचालन गरिनेछ ।

३. पशु आहारमा आत्मनिर्भर बनाउनुका साथै उत्पादनमा लागत कम गर्न घाँस खेतीमा आधारित घाँस उत्पादन प्रवद्धन कार्यक्रम गर्न बाँझो तथा सिंचित जग्गामा घाँस खेति गर्न कृषकलाई प्रोत्साहन गरिनेछ ।

४. पशुहरुमा लाग्ने संक्रमण सरुवा रोगहरु : खोरेत, भ्यागुते , लम्पी स्किन रोग, पिपिआर, रेविज रोग लगायतका रोगहरु नियन्त्रण गर्न खोपको सुनिश्चितता गरिनेछ।साथै आवश्यकताको आधारमा वजेट व्यवस्थापन गर्ने निति अवलम्वन गरिने छ ।

५. दुग्ध तथा मासुको उत्पादन र उत्पादकत्व वृद्धिको लागि कृत्रिम गर्भाधानको माध्यमद्वारा पशु उन्नत नश्ल सुधारको कार्यलाई सर्वसुलभ र प्रभावकारी बनाईनेछ | साथै यसै वर्षवाट **सेक्स** सिमनको शुरुवातको लागि आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

६. पशुपालक कृषकहरुको पशुधन सुरक्षणको लागि पशु बिमा कार्यक्रमलाई प्राथमिकता दिइनेछ |

७. पशु फर्म,कम्पनी,सहकारी तथा पशुहरुको तथ्यांक अध्यावधिक गरी पशुपालन सम्बन्धी नीति तथा कार्यक्रमहरुलाई व्यवस्थित गर्न सहजीकरण गरिनेछ |

८. गाउँपालिकामा प्राप्त सशर्त अनुदानका कार्यक्रमहरु संघ,प्रदेशसंग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ |

९. दुग्ध उत्पादन, विविधिकरण तथा बजारीकरण गर्न सहकारी संस्थासँग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ | उद्योगलाई वजारीकरणको लागि सवारी साधन खरिदको लागी आवश्यक वजेट व्यवस्था गरिनेछ ।

१०. पशु बाझोपन ,उपचार, पशु स्वास्थ्य शिविर, कृषक तथा प्राविधिकहरुको क्षमता अभिवृद्धिको लागि तालिम तथा शिविर संचालन गरिनेछ पशुपालन कार्यलाई सहजीकरण गर्नको लागि कृषकहरुको मागमा आधारित पशुपालनमा सहजीकरण तथा यन्त्र उपकरण अनुदानमा सहयोग गरिनेछ ।

१०. पशुपालनमा साना कृषकहरुलाई आवद्ध गरी गरिवी न्यूनीकरण गर्न बिउं पुँजीको व्यवस्था गरिनेछ

११. पशुको आहारा व्यवस्थापनको लागि साइलेज उत्पादनको व्यवस्था गरिनेछ |

१२. कृषकहरुलाई पशुपालन पेशामा प्रोत्साहन गर्न भविष्यमा आईपर्ने समस्यालाई सहजीकरण गर्न कृषक संचित कोष कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३. रेविज रोगबाट मानव तथा पशुहरुमा हुने क्षतिलाई न्यूनीकरण गर्नको लागि कुकुरलाई रेविज विरुद्धहरुको भ्याक्सिन कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१४. दुघ उत्पादनमा प्रोत्साहन गर्न दुग्ध उत्पादक सहकारी संस्था मार्फत कृषकहरुलाई दोहोरोपना नपर्ने गरी उत्पादनमा आधारित अनुदान दिइनेछ |

## ग) सहकारी

१.मकवानपुरगढी गाउँपालिका स्तरीय सहकारी संजाललाई सहकारीको साझा चौतारीको रुपमा कृयाशिल गरिने छ। साथै उत्पादनमा आधारित कृषि सहकारीहरुलाई उत्पाद प्रवद्धन भण्डारण गृह निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

२. सहकारीहरुको विचमा स्वस्थ्य प्रतिस्पर्धा र एकरुपता गरिने छ ।

३. सहकारी ऐन र नियमावली अनुसार सहकाररीहरुको अनुगमन,मुल्याङकन र नियमन गरी सहकारी मर्जरलाई प्राथमिकता दिई संख्यात्मक नभई गुणस्तरीयता कायम गरिनेछ ।

४. सहकारी संसंथाहरुको विकासका लागि विभिन्न प्राविधिक तालिमहरुको व्यवस्था गरिनेछ ।

५. सहकारी तथ्याङ व्यवस्थापनमा सहयोग गर्नको लागि कोपोमिस तालिम लाई निरन्तरता प्रदान गरिनेछ ।

६. गाउँपालिका भित्र रहेका सवैखाले सहकारीहरुले संचालन गरेक विविध क्रियाकलापहरुको एकिकृत जानकारी एवम अनुगमन गर्नका लागि गाउँपालिका तहमा सफ्टवेयर निर्माण प्रकृया अगाडि वढाइनेछ ।

७. गाउँपालिकाभित्र रहेका सहकारी संघ संस्थाहरुको समन्वय र सहकार्यमा दिगो विकास लक्ष्य प्राप्तिका कार्यक्रमहरुको सञ्चालन तथा सहकारीमा संकलित पुँजिलाई गरिबी निवारण तथा उत्पादनशिल क्षेत्रमा लगानी गर्न आवश्यक निति तर्जुमा गरी प्रोत्साहन गरिनेछ ।

## घ) मिसन रोजगारी दिगो रोजगारी र उद्यमशीलता प्रवर्द्धन अभियान

यस वर्ष दिगो रोजगारी सिर्जना तथा प्रवर्द्धनलाई उच्च प्राथमिकता राखेर मिसन रोजगारी ,दिगो रोजगारी र उद्यमशीलता प्रवर्द्धन अभियान संचालन गरिने छ। यस अभियान अन्तर्गत निम्नलिखित निति तथा कार्यक्रमहरुलाई अघि सारिने छ ।

### १)श्रम तथा रोजगार

१. सुरक्षित आप्रवासन सामी, उद्यम विकास कार्यक्रम मेडपा, गाउँपालिकाका विभिन्न विषयगत शाखाबाट रोजगारी सिर्जनाका लागि टेवा पुग्ने कार्यक्रमहरु तथा गाउँपालिकाभित्र विभिन्न निजी तथा गैरसरकारी संस्थाबाट संचालनमा रहेका श्रम तथा रोजगारमूलक कार्यक्रमहरुलाई गाउँपालिकाको रोजगार सेवा केन्द्रको समन्वयमा संचालन गरिनेछ ।

२. नागरिक स्तरमा स्वरोजगारी सिर्जना एवम् गरिबी न्यूनीकरण गर्न सरकार तथा निजी क्षेत्रसँग साझेदारीमा सीप तथा उद्यमशीलता तालिम अभियान संचालन गरिनेछ ।

३. स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न स्वरोजगार तथा रोजगारमूलक कार्यक्रमहरु संचालनमा जोड दिनुका साथै बाध्यात्मक अवस्थामा वैदेशिक रोजगारीमा जानेहरु र तिनका परिवारलाई लक्षित गरी वैदेशिक रोजगारीलाई मर्यादित, व्यवस्थित र गुणस्तरीय बनाउन सूचना तथा परामर्श सेवा, मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षरता कक्षा संचालन र रिटर्नी स्वयंसेवक परिचालन मार्फत वैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदार तथा तिनका परिवारहरुलाई उद्यम स्थापना गर्न प्रोत्साहन गरिनेछ । यी कार्यहरु संचालन गर्नका लागि संघ र प्रदेश सरकार सँग समन्वय र सहकार्य गरिनेछ ।

४. वैदेशिक रोजगारीमा जाँदा अनिवार्य रुपमा वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृती तथा पुनः श्रम स्वीकृती लिनुपर्नेमा उक्त कार्यका लागि गाउँपालिकाको रोजगार सेवा केन्द्रबाट सहजीकरण भईरहेकोमा सेवालाई थप प्रभावकारी बनाउन प्रचारप्रसारको कामलाई तिब्र पारिनेछ ।

५. रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगारहरुको ज्यालाको लागि प्राप्त शसर्त अनुदान बजेटमा गाउँपालिकाको तर्फबाट समेत बजेट साझेदारी गरी दिगो सार्वजनिक निर्माणका काममा प्राथमिकता दिईने छ ।

६. युवाहरुलाई आत्मानिर्भर वनाई स्वदेशमा टिकाइ राख्नको लागि युवा स्वरोजगार तथा उद्यमशिलता सम्वन्धित तालिम उपलव्ध गराउन आवश्यक वजेटको व्यवस्था मिलाइने छ ।

### २) लघु उद्यम विकास तर्फ

१. लघु उद्यम विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२. गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत उद्यमीहरुको स्तरोन्नतीका लागि पुनर्ताजगी र एडभान्स सिप विकास तालिम कार्यक्रम संचालन गरिनेछ ।

३. गाउँपालिका भित्र संभाव्यताको आधारमा उद्यकशिलताको विकास गरी नँया उद्यमी सृजना गरिनेछ ।

४.नया उद्यमी सृजनाको लागि सिप विकास तालिम संचालन गरिनेछ साथै भईरहेको उद्यमीहरुको क्षमता विकास गरि प्रविधि हस्तान्तरण समेत गरिनेछ ।

५. स्थानिय, रैथाने एवम् आधुनिक सिपमूलक कार्यक्रम मार्फत रोजगारीको अवसर सृजना गरिनेछ ।

६. उद्यमीहरुवाट उत्पादित सामाग्रि तथा वस्तुहरुको वजारीकरणको लागि पहल गरिनेछ ।

## ३) उद्योग तथा वाणिज्य :

१. स्थानीय कच्चा पदार्थमा आधारित साना उद्योगहरु संचालनको लागि सम्भाव्यता अध्ययन गरी उद्योग दर्ता एवंम संचालनमा सहजिकरण गर्दै त्यस्तो उद्योग स्थापनामा जोड दिइनेछ ।

२. स्थानिय स्तरमा घरेलु उद्योग संचालनका लागि विशेषता युवाहरुलाई उत्प्रेरित गरिने छ । उत्पादित स्थानिय खाध्य तथा अन्य उत्पादनलाई वजारिकरण गर्न सहजिकरण गरिने छ ।

३. विभिन्न सिपमुलक तालिम संचालन गरी गाउँमै उद्योग व्यवसाय सञ्चालन गर्न इच्छुक उद्योगी व्यवसायीलाई प्रोत्साहन गरिनेछ ।

४. गाउँपालिकाभित्र उपयुक्त स्थान पहिचान गरी औद्योगीक ग्राम स्थापनार्थ संभाव्यता अध्ययन गरि सम्वन्धीत सरोकारवालाहरु समक्ष पहल गरिनेछ ।

५. गाउँपालिकाभित्रका रुग्न उद्योगहरु सञ्चालनमा आवश्यक पहल गरिनेछ ।

६.रैथाने वालि कोदो,धानकोदो र जुनेलोवाट उत्पादन हुने घरेलु मदिरालाई प्रचलित कानुन अनुसार ऐन र कार्यविधि वनाई लेवलिङ र ब्राण्डीङ गरी सहकारी तथा महिला समुह मार्फत बिक्रि वितरण गर्ने निति लिइने छ।

## ङ) पर्यटन :

१. ऐतिहासिक मकवानपुरगढी दरवार,मनकामना मन्दिर, सहिद रुद्र वाटिका स्मृति पार्क, पशुमैत्री पार्क ,रानिवास एग्रोटुरिजम पार्क, ढुङगेगढी, फुलुङगेश्वर महादेव,जलेश्वर धाम ऐतिहासिक हेलिग्राफ, विजय पार्क, इच्छापुर्णेश्वर मन्दिरसहित उच्च पर्यटकिय सम्भावना बोकेको क्षेत्रहरुमा पूर्वाधार विकासमा लगानी गरिनेछ ।

२. मकवानपुरगढी गाउँपालिकाको पहिचान एकिकृत पर्यटकीय अभियान भन्ने नारालाई सार्थक बनाउन पर्यटकिय क्षेत्रकरुको प्रचार प्रसारको लागि होडिङ वोर्ड,रेडियो कार्यक्रम तथा डकुमेन्ट्रि निर्माण गर्ने कार्यलाइ प्राथमिकतामा राखिनेछ ।

३.मकवानपुरगढी गाउँपालिकाको महत्वपुर्ण पर्यटकिय क्षेत्रका आसपास होमस्टे,गेष्ट हाउस तथा ठुला होटलहरु संचालन गर्न निजि क्षेत्रसहित र अन्य लगानीकर्ताहरुको खोजी गरिनेछ ।

४. कृषि हाट पर्यटन कार्यक्रम अन्तर्गत मनकामना मन्दिरमा निर्माण गरिएको सटरहरुलाइ व्यापारिक प्रयोजनको लागि निजि क्षेत्रलाइ भाडामा उपलव्ध गराइनेछ ।

५. छत्रे पाथिभारा माताको मन्दिर निर्माणको लागि आवश्यक पहल गरिने छ

६. बागमती प्रदेश सरकारवाट गाउँपालिका क्षेत्र भित्रका पर्यटकिय स्थलको क्षेत्रमा विकासको लागि विनियोजित भएको वजेटलाइ पर्यटकिय क्षेत्रको विकासमा सदुपयोग गरि आन्तरीक पर्यटन भित्राइ आर्थिक विकासमा सहयोग पुग्ने गरी कार्य गरिनेछ ।

७. ऋखेश्वर गुफाको पर्यटकिय क्षेत्र विकास र विस्तार गरि आन्तरिक पर्यटनहरुलाइ सुरक्षीत वसोवासको लागि ऋखेश्वर गुफा भएको वडा नं ८ मा एकिकृत बिकास गर्नको लागि प्रदेश सरकार तथा संघिय सरकार संग पहल गरिने छ ।

## २) सामाजिक विकास

### क) शिक्षा :

१. संघीय सरकारद्वारा प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्मको दिवा खाजा कार्यक्रमका लागि वित्तीय हस्तान्तरण गरिसकेकोसन्दर्भमा, यस गाउँपालिकाले आफ्नै आन्तरिक स्रोत परिचालन गरी उक्त कार्यक्रमलाई कक्षा १२ सम्म विस्तार गरिनेछ, जसबाट विद्यार्थीहरूको स्वास्थ्य तथा पोषणमा सुधार भई नियमित उपस्थिति दर र सिकाइ उपलब्धि वृद्धि हुनेछ ।

२. आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क शिक्षा लागू भएको स्थानीय तह घोषणा भैसकेको सन्दर्भमा कार्यान्वयन पक्षमा विशेष जोड दिइनेछ।साथै सोको लागि आवश्यक जनशक्तिको व्यवस्था मिलाउन पहल गरिनेछ ।

३. स्थानीय पाठ्यक्रमको समसामयिक संशोधन गरी यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्दै आवश्यक सन्दर्भ सामग्रीको विकासगरिनेछ ।

४. सामुदायिक विद्यालयमा अध्ययनरत गरीब तथा जेहेन्दार विद्यार्थीहरुको समतामूलक पहुँच सुनिश्चत गर्नका लागि गरीब तथाजेहेन्दार छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै माग तथा आवश्यकताको आधारमा प्राविधिक तथा उच्च शिक्षामा अध्ययनरत विद्यार्थीहरुका लागि समेत छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

५. शिक्षा सम्बन्धी प्रचलित कानूनमा तोकिएको मापदण्ड अनुसार विद्यार्थी संख्या नपुगेका विद्यालयहरूलाई सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ को प्रावधान अनुरुप एकीकरण तथा समायोजन गरिनेछ।यसलागि आवश्यक प्रोत्साहनको व्यवस्था गरिनेछ ।

६. प्रारम्भिक बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरूलाई तोकिए बमोजिम न्यूनतम् पारिश्रमिक सुनिश्चित गरिनेछ ।यसका साथै, प्रारम्भिक बालविकास केन्द्र नरहेका विद्यालयहरूमा न्यूनतम एकवटा बालविकास केन्द्र स्थापनाका लागि अनुदानकोव्यवस्था गरिनुका साथै नमुना बालविकास केन्द्रको अवधारणा कार्यान्वयन गरिनेछ ।

७. शिक्षक-विद्यार्थी अनुपातका आधारमा दरबन्दी मिलान गरी शिक्षक व्यवस्थापनलाई व्यवस्थित गरिनेछ। दरबन्दी मिलानबाट समेततहगत र विषयगत शिक्षक परिपूर्ति हुन नसकेको अवस्थालाई समन्यायिक रुपमा सम्बोधन गर्न स्वयंसेवक शिक्षक व्यवस्थापनगरिनेछ । सुत्केरी सट्टा शिक्षक व्यवस्थापन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको अधिकतम् उपयोग गर्दै शिक्षण सिकाइ सहजीकरण प्रक्रियालाई प्रविधिमैत्रीबनाउँनका लागि आवश्यक न्यूनतम् पूर्वाधार तथा सामग्रीको व्यवस्थापन गरिनेछ ।

९. प्रधानाध्यापक तथा शिक्षकहरूको क्षमता विकासका लागि पेशागत विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।विद्यालयमा तहगतअभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ। यसका अतिरिक्त, प्रारम्भिक बालविकास सहजकर्ताहरूको क्षमता विकासका लागिमन्टेश्वरी विधिमा आधारित तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. विद्यालयहरुको नतिजा तथा गुणस्तर सुधारका लागि अतिरिक्त कक्षा तथा उपचारात्मक शिक्षण सिकाइ कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

११. प्रत्येक शुक्रवारलाई Book Free Friday को रुपमा कार्यान्वयन गरी अतिरिक्त क्रियाकलाप मार्फत जिवनोपयोगी सीप प्राप्त गर्ने अवसर प्रदान गर्न रैथाने सीप, कला तथा व्यवसायसँग सम्बन्धित तालिम प्रदान गरिनेछ

१२. प्रधानाध्यापक तथा शिक्षकहरूलाई थप जिम्मेवार, प्रतिबद्ध तथा अभिप्रेरित बनाउने वातावरण सिर्जना गर्न प्रोत्साहित गरिनेछ ।अतिरिक्त शैक्षिक क्रियाकलापहरूको निरन्तरता सुनिश्चि गर्दै गुणस्तर र प्रभावकारिता अभिवृद्धि गरिनेछ। साथै, सफल सामुदायिक विद्यालयहरूमा स्थापित नवीनतम् तथा अनुकरणीय अभ्यासहरूलाई व्यवस्थित रूपमा आत्मसात् गर्दै समग्र शैक्षिक गुणस्तरमा सुधार ल्याउन शैक्षिक अवलोकन तथा अध्ययन भ्रमण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१३. विद्यालयहरूमा विद्यमान खानेपानीको समस्यालाई क्रमशः समाधान गर्दै लगिनेछ। विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ। प्राविधिक धारतर्फको बाली विज्ञान विषय अध्यापन भैरहेको श्री वंशगोपाल माध्यमिक विद्यालयको थप सवलीकरण गरिनेछ।

१४. विद्यमान शिक्षा ऐन, शिक्षा नियमावली, शिक्षा नीति लयायतका कानूनी तथा नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन मार्फत शैक्षिक सुशासन अभिवृद्धि गरिनेछ। गाउँ शिक्षा योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै लगिनेछ। सूचकमा आधारित विद्यालयअनुगमन तथा सुपरीवेक्षणका लागि आवश्यक संयन्त्र तथा प्रणालीको विकास गरिनेछ।

१५.माध्यमिक तहका विद्यार्थीहरुलाई कामको संसारसँग परिचित गराउँनका लागि विद्यालयमा आधारित वृत्तिमार्गनिर्देशन (CareerGuidance) कार्यक्रम कार्यान्वयन गरिनेछ । योग्यता पुगेका शिक्षित युवाहरुलाई लक्षित गरी लोक सेवा आयोग तथा शिक्षक सेवाआयोग तयारी कक्षा सञ्चालन गरिनेछ ।

१६. "स्वास्थ्यका लागि खेलकुदः राष्ट्रका लागि खेलकुद" भन्ने नारालाई साकार पार्न शिक्षक तथा विद्यार्थी केन्द्रित खेलकुद कार्यक्रमहरुभावकारीरुपमा सञ्चालन गरिनेछ ।

१७. विपद्को समयमा सिकाइ क्रियाकलापलाई निरन्तरता दिनका लागि आवश्यक नीति, योजना तथा मापदण्ड विकास गरी कार्यान्वयन गरिनेछ ।

१८.वालमैत्री गाउँपालिका घोषणा भएकोले दिगोपनको लागी वालमैत्री सम्वन्धी कार्यक्रम गरिनेछ ।

१९. विद्यालयहरुमा हुन सक्ने दुर्घटनावाट हुने जोखिम न्युनिकरणका लागि प्राथमिक उपचार सेवा उपलव्ध गराइनेछ।

२०. बहुकक्षा वहुसिकाइ कार्यक्रमलाई नमुना कार्यक्रमको रुपमा कार्यावन्यन गरिनेछ ।

२१.शिक्षक र प्र.अ. संग गरेको कार्यसम्पादन सम्झौता निरन्तरता दिदै उच्च कार्य सम्पादन भएका शिक्षक प्र.अ.लाई प्रोत्साहित गरिनेछ ।

## ख) स्वास्थ्य :

अत्यावश्यक स्वास्थ्य सेवालाई गुणस्तरीय र सहज रुपमा प्रदान गर्न मकवानपुरगढी गाउँपालिका अन्तर्गतका रहेका स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिदै आएको स्वास्थ्य सेवामा थप सेवा सुविधा गाउँपालिका भित्रै उपलब्ध गराउन निर्माणाधिन मकवानपुरगढी अस्पतालको अपूर्ण रहेको भौत्तिक पूर्वाधार सम्पन्न गरी चिकित्सक सहितको सेवा शुभारम्भ गर्ने लक्ष्यका साथ आ.व. २०८२/८३ मा देहाय बमोजिमका स्वास्थ्य कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१. ५ बर्ष मुनिका सम्पूर्ण बालबालिकाहरुलाई तोकिएको समयमा लगाउनुपर्ने सबै खोपहरु प्रदान गरी पूर्णखोप सुनिश्चितता भएको ८ वटै वडा र गाउँपालिका र सो को दिगोपना कायमलाई निरन्तरता दिइनेछ।

२. स्वास्थ्य संस्थामा हुने सुरक्षित प्रसूति चालु आ.व.मा ९६ प्रतिशत भएकोमा आ.व. २०८२/८३ मा १०० प्रतिशत पुर्याउन घरमा हुने प्रसुति शुन्य कार्यक्रमलाई थप प्रभावकारी बनाउन गाउँपालिकाले बर्थिङ सेन्टरहरुमा आवश्यक उपकरण साथै तालिम प्राप्त दक्ष प्रसुतिकर्मि (SBA) को व्यवस्था साथै जनप्रतिनिधि, स्वास्थ्यकर्मि, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, सरकारी/गैरसरकारी संघसंस्थाहरु, टोल विकास संस्थाहरु समेत परिचालन गरिनेछ।

३. आमभञ्ज्याङ्ग र बुढीचौर स्वास्थ्यचौकी साथै मक्राञ्चुली सामुदायिक स्वास्थ्य इकाइहरुको भवन मर्मत साथै नयाँ निर्माण गर्न जग्गा व्यवस्थापन गरी संघीय र प्रदेश सरकारको सहयोग र समन्वयमा सम्पन्न गरिनेछ।

४. पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान,पाटन अस्पतालसँगको सहकार्यलाई हुँदै आएको देशकै नमूना कामको रुपमा प्रशामक सेवा प्रदायक स्वास्थ्यकर्मि सेवा करारलाई निरन्तरता दिँदै थप स्वास्थ्यकर्मीलाई तालिम प्रदान गरि प्रशामक सेवाको पहुँच सबै गाउँबासीमा पुर्याईनेछ।

५. जेष्ठ नागरिकहरुलाई सामान्य स्वास्थ्य सेवाका लागि पनि टाढाका स्वास्थ्य संस्थामा धाउनुपर्ने समस्या घटाउन स्वास्थ्यकर्मि सहित "जेष्ठ नागरिकसँग जनप्रतिनिधि कार्यक्रम" मार्फत सामाजिक सुरक्षा भत्ता वितरणको समयमा आवश्यक औषधि र स्वास्थ्य जाँच उपकरण सहित एकिकृत सामान्य स्वास्थ्य परीक्षण सेवा सञ्चालन गरिनेछ।

६. मकवानपुरगढी र आमभञ्ज्याङ्ग स्वास्थ्य चौकीमा सञ्चालनमा रहेका प्रयोगशालामा आवश्यक उपकरण सहित थप रोग निदानात्मक सेवा प्रदान गरिनेछ साथै सुकौरा र बुढीचौर स्वास्थ्य चौकीमा प्रयोगशाला सेवा विस्तार गर्न आवश्यक पूर्वाधार र जनशक्ति व्यवस्थापन गर्न पहल गरिनेछ।

७. यस गाउँपालिकाको वडा नं.६ डुम्रेकुनामा निर्माणाधिन मकवानपुरगढी अस्पताल सञ्चालन गर्न कम्पाउण्ड, सेफ्टि ट्याङ्क, वायरिङ, प्लम्बिङ, मूर्दाघर, बाहिरी फिल्ड क्लिनिङ, पार्किङ लगायतका पूर्वाधारका कार्य सम्पन्न गरी आवश्यक उपकरण र जनशक्तिको व्यवस्थापनका लागि बागमती प्रदेश र संघीय सरकारसँग समन्वय र सहयोग गरि आ.व.२०८२/८३ भित्र सेवा शुभारम्भ गरिनेछ।

८. समुदायमा रहि मातृ तथा बाल स्वास्थ्य लगायतका सामाजिक क्षेत्रमा निस्वार्थ सेवा प्रदान गर्दै आउनुभएका यस गाउँपालिका अन्तर्गतका ४० जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई प्रदान गर्दै आएको प्रोत्साहन सुविधालाई निरन्तरता दिइनेछ।

९. स्वास्थ्य संस्थाहरुलाई किशोरकिशोरी मैत्री बनाउँदै किशोरीहरुलाई महिनावारी स्वच्छता सम्बन्धि सचेतना साथै मनोसामाजिक समस्या, लागू औषध रोकथाम तथा नियन्त्रण सम्बन्धि आवश्यक स्वास्थ्य सचेतना अभियान सञ्चालन गरिनेछ ।

१०. सिमान्तकृत र अति विपन्न गरीब घर परिवार पहिचान गरि " जनताको स्वास्थ्य समस्यामा जनतिनिधिको चासो र साथ कार्यक्रम " का लागि वडाको सिफारिसमा प्रत्येक वडाका २५ घर परिवारको लागि स्वास्थ्य विमा वापतको प्रिमियम रकम भुक्तानि गरि रु. २ करोड बराबरको उपचार सेवा प्राप्त हुने अवसर सूनिश्चित गरिनेछ।

११. टोल बस्तीहरुमा स्वास्थ्य सेवा प्रदान गर्ने २० वटा खोप क्लिनिक र २७ वटा गाउँघर क्लिनिकलाई व्यवस्थित गर्न सेवा प्रदान गर्ने स्थान, आवश्यक उपकरण र सामग्री व्यवस्थापन साथै वडामा रहेका स्वास्थ्य संस्थाहरुमा १२ महिना नै नेपाल सरकारबाट तोकिएका निःशुल्क औषधिहरु सहज रुपमा उपलब्ध गराउन वडा कार्यालयहरुलाई समेत जिम्मेवार बनाउँदै स्वास्थ्य शाखा मार्फत आवश्यक व्यवस्थापन गरिनेछ।

१२. समयमा नै जटिलतायुक्त गर्भको पहिचान गरि आमा र गर्भशिशुको जीवन रक्षा गर्न र अपाङ्गता सहितको जन्म न्यूनीकरण गर्न सहयोगी हुने निःशुल्क ग्रामिण अल्ट्रासाउण्ड सेवा आ.व.२०८१/८२ मा प्रारम्भ गरिएकोमा ८ वटै वडाका स्वास्थ्य संस्थाहरुबाट मासिक घुम्ती सेवाको रुपमा निःशुल्क ग्रामिण अल्ट्रासाउण्ड सञ्चालन गरिनेछ।

१३. बागमती प्रदेश सरकारसँग समन्वयमा ५ वटा विद्यालयमा सञ्चालन भएको " एक विद्यालय एक नर्स कार्यक्रम" लाई थप प्रभावकारी बनाउँदै विद्यालय नर्स कार्यक्रम लागु नभएका विद्यालयहरुलाई प्राथमिक उपचार तालिम र सामग्रीको व्यवस्था गरिनेछ।

१४. स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मी र सहयोगी कर्मचारीहरुलाई उच्च मनोबलका साथ जनउत्तरदायी सेवा प्रदायक बनाउन कार्यसम्पादन मूल्यांकनका आधारमा प्रोत्साहन साथै निश्चित सूचकका आधारमा पुरस्कृत र सम्मान गरिनेछ।

१५. महामारीको रुपमा फैलन सक्ने मौसम अनुसारका सरुवा रोग रोकथाम एवं नियन्त्रण गर्न प्रकोप पूर्व तयारी द्रुत प्रतिकार्य योजना अनुसार द्रुत प्रतिकार्य समिति (RRC) र द्रुत प्रतिकार्य टोली (RRT) परिचालन गरिनेछ।

१६. गाउँबासीहरुले प्रयोग गर्ने पिउने पानीको शुद्धता परीक्षण गर्न बागमती प्रदेश सरकार र हेटौडा खानेपानी बोर्डसँग सहकार्यमा पानीको गुणस्तर मापन कार्यलाई निरन्तरता दिइनेछ।

१७. पोषण मैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०८० बमोजिम तोकिएका सूचकका आधारमा यस गाउँपालिकालाई पोपण मैत्री स्थानीय शासन बनाउन संघीय सरकारको नीति बमोजिम आवश्यक कार्य गरिनेछ। साथै प्रत्येक वडामा स्वस्थ बच्चा प्रतियोगिता आयोजना गरि सुनौलो हजार दिनका आमा र बच्चाको स्वास्थ्य र पोषणमा विशेष ध्यान दिइनेछ।

१८. आकस्मिक अवस्था, मृगौला डायलायसिस गराइरहेका साथै अन्य जटिल स्वास्थ्य अवस्थामा समेत अति आवश्यक पर्ने रगतको लागि नेपाल रेडक्रस सोसाइटी मकवानपुर शाखासँगको सहकार्यमा सञ्चालित निःशुल्क रक्तसंचार सेवा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१९. संघीय र प्रदेश सरकारबाट हस्तान्तरित सशर्त स्वास्थ्य कार्यक्रम साथै विभिन्न अभियानहरु मार्गदर्शन बमोजिम तोकिएको लक्ष्य अनुसार आ.व.को शुरुमा नै बार्षिक कार्ययोजना बनाएर स्वास्थ्य शाखा मार्फत कार्यान्वयन गरिनेछ।

२०. पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ललितपुर, वि.पि.मेमोरियल क्यान्सर अस्पताल भरतपुर, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान हेटौंडा अस्पताल, हेटौंडा सामुदायिक आँखा अस्पताल, नेपाल परिवार नियोजन संघ, नेपाल जेसिज लगायतका अस्पताल र सामाजिक संघसंस्थाहरुको सहकार्यमा खुँडे तथा तालु फाटेकाहरुको उपचार, महिलाहरुमा हुने स्तन र पाठेघरको मुखको क्यान्सर, अबस्टेट्रिक फिस्टुला लगायत समस्याको निःशुल्क स्वास्थ्य शिविर, मोतिविन्दु पहिचानका लागि निःशुल्क आँखा परीक्षण शिविर सञ्चालन गरि आवश्यक परीक्षण, प्रेषण र उपचार लगायत कार्य गरिनेछ।

२१. अपाङ्ग बाल अस्पताल तथा पुनर्थापना केन्द्र बनेपा, काभ्रेसँगको सहकार्यमा अपाङ्गता सम्बन्धि स्क्रिनिङ्ग शिविर संचालन गरि पहिचान भएका सुधार हुन सक्ने अपाङ्गता भएकालाई लागत सहभागिताको आधारमा सुधारात्मक उपचार साथै कृतिम उपकरण जडान सेवा र सहायक सामग्रीको व्यवस्थापनका लागि आवश्यक समन्वय र सहकार्य गरिनेछ।

२२. गाउँपालिका भित्र हाल संचालनमा रहेका एम्बुलेन्सलाई व्यवस्थित रुपमा संचालन गर्न संघीय र प्रदेश सरकारबाट जारी कार्यविधि अनुसार गाउँपालिका एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कार्यविधि तयार गरि कार्यान्वयनमा ल्याइनेछ।

२३. नसर्ने रोगको रोगदर बढ्दै गएको हुँदा संघीय र प्रदेश सरकारबाट तोकिएका कार्यक्रमका साथै नसर्ने रोग विरुद्ध जनचेतना जगाउने, स्वस्थ जीवनशैली अपनाउन प्रेरित गर्ने, आत्महत्या न्यूनीकरणका लागि सर्वपक्षिय सचेतना कार्यक्रम संचालन गर्ने, साथै उच्चरक्तचाप, मधुमेह र मानसिक रोगका विरामीलाई स्वास्थ्य संस्था मार्फत औषधि सहयोग कार्यक्रम संचालन गरिनेछ।

२४. उपभोक्ताहरुको स्वास्थ्य सुरक्षा र सम्बर्द्धन गर्न गाउँपालिका भित्र रहेका औषधि पसल, खाद्य सामग्री पसल, होटल व्यवसाय, दुग्धजन्य बस्तु बिक्री वितरण गर्ने संस्था, किटनाशक औषधि विक्री पसल लगायतमा नियमानुसार अनुगमन. निरीक्षण र नियमनको कार्यमा विशेष ध्यान दिइनेछ।

२५. संस्थागत प्रसुति प्रोत्साहनका लागि उत्तर प्रसुति घरभेट कार्यलाई प्रभावकारी वनाइ संस्थागत प्रसुती कार्यक्रमलाई प्रभावकारी वनायनेछ ।

## ग) खानेपानी तथा सरसफाई :

१. मकवापुरगढी गाउँपालिकाको खानेपानी तथा सरसफाई समस्या समाधान गर्नको लागि खानेपानी सरसफाई तथा स्वच्छता योजना निर्माण (Wash Plan) गरी कार्यान्वयन गरिनेछ ।

२. स्थानीय खानेपानी मुहानहरुको पहिचान,संरक्षण र मर्मत गरिनेछ ।

३. मिटर जडानसहितको एक घर एक धारा अन्तर्गत यस वर्ष ३०० घरमा मिटर जडित धारा निर्माण गरिनेछ।

४. लिफ्टिङ खानेपानी योजनाको विकल्पको योजना निर्माणमा संघिय तथा प्रादेशिक सरकारको सहयोगमा पहल गरिने छ ।

५. सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माणको लागि योजना निर्माण गरिनेछ ।

६. कुहिने र नकुहिने फोहोरको वर्गीकरण गरी घरवाटै फोहोर व्यवस्थापनको लागि सचेतननाको कार्यक्रम संचालन गरिनेछ साथै फोहोरको दिगो व्यवस्थापनका लागि आवश्यकताको आधारमा ल्याण्डफिल्ड साइडको पहिचान र व्यवस्थापनका लागि कार्य अगाडि वढाइनेछ साथै निजि क्षेत्र संगको समन्वयमा सशुल्क फोहर उठाउने कार्यलाइ निरन्तरता दिइनेछ ।

७. अति विपन्न परिवार,एकल महिला तथा पुरुष,अपाङता भएका परिवारलाई पक्कि शौचालय निर्माणमा सहयोग गर्ने निति अवलम्वन गरिनेछ । एक घर एक शौचालयको अवधारणालाई निरन्तरता दिइनेछ ।

## घ) सस्कृति प्रवर्द्धन र विकासः

१. मकवानपुरगढिका सवैजातजातीहरुको भाषा,कला र संस्कृति संरक्षण र विकासमा जोड दिइनेछ तामाङ भाषा संसंकृति जगेर्ना गर्न अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ साथै तामाङ भाषाको पठनपाठनको अनौपचारिक कक्षा संचालन गरिनेछ ।

२. तामाङ जातीले मनाउदै आएको ल्होसार पर्व(सोनाम ल्होसा) को अवसरमा पालिका स्तरिय तामाङ सेलो प्रतियोगिता आयोजना गरी मनाइनेछ।

३. परम्परागत कला संस्कृतिको जगेर्ना गर्ने उद्येश्यका साथ धार्मिक स्थल,मन्दिर,गुम्वा र चर्च जस्ता संरचनाहरुको निर्माण,मर्मत तथा संवर्द्धन गर्ने निति लिइनेछ ।

४. सवै धर्म ,संस्कृति र परम्पराको विकास एवम संरक्षण मा समान दृष्टि र समान अवसरको निति अवलम्वन गरिनेछ । ।

५. स्थानिय चाडपर्व,विवाह,व्रतवन्ध,गुन्यौचोलि,छेवर,पास्नी जस्ता शुभ कार्यहरुमा प्रयोग हुने परम्परागत वाजाहरु नौमती,खैजडी,डम्फु आदिको प्रयोग संरक्षण तथा सम्वर्द्धनमा जोड दिइनेछ ।

6. ऐतिहासिक मकवानपुरगढी दरवार परिसरमा जनजातिहरुको धार्मिक,सामाजिक तथा संस्कृतिक विशेषता झल्काउने गरी संग्राहलयको स्थापना गर्न पहल गरिनेछ ।

## ङ) खेलकुद

१. मकवानपुरगढी गाउँपालिका खेलकुद विकासको लागि राम्रो संभावना वोकेको गाउँपालिका भउको हुँदा खेलकुद क्षेत्रको विकास र प्रवर्द्धनका लागि गाउँपालिका स्तरिय खेलकुद विकास समिति गठन गरिएकोमा सो समिति मार्फत सवै युवा कुलवहरुलाई एकाकार गरि एकिकृत खेलकुद विकास कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ ।

२. विभिन्न कालखण्डमा भएको आन्दोलनहरुमा वलिदानी दिनुहुने मकवानपुरगढि गाउँपालिकाका विर सहिदहरुको सम्मानार्थ पालिका स्तरिय सहिद स्मृति रनिङशिल्ड पुटवल प्रतियोगता आयोजना गरिनेछ साथै साइमन स्मृति रनिङ शिल्ड फुटसल प्रतियोगिता गरिने छ ।

३. विभिन्न जिल्ला स्तरिय र राष्ट्रिय खेलकुद प्रतियोगितामा स्थानिय खेलाडिहरुलाई सहभागि गराउनको लागि समन्वय गरिनेछ ।

४. गाउँपालिका स्तरीय महिला तथा पुरुष रनिङशिल्ड भलिवल प्रतियोगिता लाई निरन्तरता दिइनेछ ।

५. पालिका स्तरिय रंगशाला निर्माणको लागि आवश्यक वजेट व्यवस्था गरिनेछ ।

६. प्रदेश सरकार वाट विनियोजित भएको क्रिकेट रंगशाला ,कभर्ड हल,भलिवल चौर तथा अन्य खेल मैदान निर्माणको लागि जग्गा उपलव्ध गराउन समन्वय गरिने छ ।

७. समग्र खेलकुद क्षेत्रको विकास मार्फत गाउँपालिकालाई जिल्ला,प्रदेश तथा राष्ट्रिय स्तरमा परिचित गराउन आवश्यक खेलकुद कार्यक्रम संचालन गरिनेछ ।

८. वुर्जाडाडा खेल मैदानलाई मिनि रंगशाला वनाउने छ ।

९. मकवानपुरगढी गाउँपालिका वडा नम्वर ३ मा रहेको फुटसललाई आवश्यकताको आधारमा मर्मत संभार तथा स्तर उन्नती गरिनेछ ।

## च) लैंगिक समानता तथा सामाजिक समावेशीकरण :

### अ) युवा :

१. युवाहरुलाई विदेश पलायन हुनवाट रोक्नको निमित्त युवा लक्षित विभिन्न सिपमुलक कार्यक्रमहरु ल्याइनेछ ।
२. युवाहरको निमित्त घरेलु उद्योगको निर्माण गरी स्वदेशमै रोजगारको सिर्जना गरिनेछ ।

### आ) महिला :

१. विपन्न तथा ग्रामिण महिलाको आर्थिक,सामाजिक रुपान्तरणका लागि महिला विकास कार्यक्रम विस्तार गरिदै लगिनेछ ।
२. उद्यमशिलताको माध्यमवाट पिछडिएका तथा विपन्न महिलाको आर्थिक सशक्तिकरणका लागि महिला उद्यमि कार्यक्रम संचालन गरिनेछ ।
३. यौनिक तथा लैगिक अल्पसंख्यक समुदायको तथ्याङ अद्यावधिक गरि आर्थिक तथा सामाजिक सशक्तिकरण गर्दै लगिने छ ।
४. महिला सशक्तिकरणका लागि मानव वेचविखन,घरेलु हिंसाह,वहु विवाह,नेतृत्व तथा क्षमता विकास ,लैगिक हिंसा तथा विभिन्न खाले सचेतनामुलक तालिम,गोष्ठि,आय आर्जन,सिपमुलक कार्यक्रम संचालन गरिनेछ ।
५. महिला/ वालवालिकालाई अल्पकालिन संरक्षण तथा पुनस्थापनाका लागि सरोकारवाला निकायहरुसंग सहकार्य र समन्वय गरिनेछ साथै लैङगिक हिंसा निवारण कोषको स्थापना गरिनेछ ।
६. उद्यमी महिलाहरुलाई स्थानियस्तरमा नै व्यवसाय गरी रोजगारीको सिर्जना गर्न प्रोत्साहन गरिनेछ साथै स्थानिय उत्पादनलाई प्रोत्साहन गरि वजारीकरण गरिनेछ ।
७. मकवानपुरगढि गाउँपालिका भित्रका किशोरिहरुको समुह गठन गरि उनिहरुलाई आत्मारक्षा तालिम ,जीवनउपयोगी सिपमुलक तालिम संचालन गरिनेछ ।
८. प्रत्येक वडामा गृहिणि महिला समुह गठन गरि परिचालन गर्नको लागि आवश्यक व्यवस्था गरिनेछ ।

### इ) दलित :

१. दलित समुदायको समग्र विकास एवम् उनीहरुलाई उद्यमशिलता विकासका लागि चेतनामुलक,सिपमुलक तालिमको व्यवस्था गरिनेछ ।
२. वर्गिय विभेदलाई न्युनिकरण गर्न हटाउनको निमित्त चेतनामुलक कार्यक्रम संचालन गरिने छ ।
३. दलित समुदायको विद्यार्थीहरुलाई प्राविधिक शिक्षा र उच्च शिक्षामा समेत छात्रवृत्तीको व्यवस्था मिलाइनेछ ।

### ई) जेष्ठ नागरिक :

१. प्रत्येक वडामा जेष्ठ नागरिक मिलन केन्द्र स्थापना गरिदै जाने लष्य लिएको छ ।
२. जेष्ठ नागरिक संग गाउँपालिका सरकार भन्ने नारालाइ सार्थक वनाउन गाउपालिका अध्यक्ष जेष्ठ नागरिक कोसेलि कार्यक्रम संचालन गरिनेछ ।
३. जेष्ठ नागरिकहरुको गुनासो सुनुवाई कार्यक्रम संचालन गरिनेछ ।

## उ) बालबालिका :

१. वालमैत्रि गाउँपालिकाको घोषणा पश्चात दिगोपनको कार्यक्रम संचालन गरिनेछ ।
२. घर,विद्यालय र समुदाय स्तरवाट नै वालमैत्री व्यवहारलाई लागु गर्ने निति अवलम्वन गरिनेछ ।
३. वाल श्रम,वाल विवाह,वाल हिंसा जस्ता वाल अधिकार हनन सम्वन्धी घटनाहरुलाई पूर्णरुपमा निरुत्साहित गरिनेछ ।
४. बालबालिकाहरुको समग्र हितलाई ध्यानमा राख्दै बालबालिका सम्वन्धी संघ संस्थाहरुसंग समन्वय र सहकार्य गरि काम गरिनेछ ।
५. बालबालिकाहरुलाई राम्रा कुरा,काम र भविष्यप्रति जागृत गराउन विद्यालय स्तरमा सकारात्मक सोच सम्वन्धि तालिम आयोजना गरिनेछ ।
६. गाउँपालिका क्षेत्रमा निर्माणहुने हरेक भौतिक संरचनाहरु बालमैत्री वनाउने निति लिइने छ साथै वालश्रम विरुद्धको सचेतना कार्यक्रम संचालन गरिनेछ ।

## ऊ) जनजाति :

१. जनजातिहरुको लागि सामाजिक ,सांस्कृतिक ,भाषिक र आर्थिक विकासको कार्यक्रम संचालन गरिनेछ ।
२. आदिवासि जनजातिहरुको शिक्षा,रोजगारी,आयआर्जनमा पहुच अभिवृद्धीका लागि लक्षित गरि आवश्यक कार्कयक्रम संचालन गरिनेछ ।
३. जनजातिमहिलाहरुलाई विभिन्न सिपमुलक तालिमको व्यवस्थाअनुसार स्थानिय जंगलमा पाइने औषधीजन्य जरिवुटिवाट मर्चा निर्माण गर्ने घरेलु उद्यो संचालन गर्न प्रोत्साहन गरिनेछ।

## ए) अपाङ्गता :

१. मकवानपुरगढि गाउँपालिका क्षेत्रमा निर्माण गरिने सार्वजनिक भवनहरुलार्क्ष अपाङमैत्रि वनाइनुका साथै अपाङगताको प्रकृति हेरि सहायता सामाग्रि उपलव्ध गाराइने छ ।
२. गाउँपालिका भित्रका अपाङगता भएका व्यक्तिहरुलाई क्षमता अभिवृद्धी तालिम र सहायता सामाग्रि उपलव्ध गराइने छ ।
३. अपाङहरको जीवनस्तर सुधार गर्ने कार्यलाई विभिन्न सिपमुलक तालिम संचालन गरि उद्यम व्यवसाय गर्न प्रोत्साहित गराइनेछ ।

# ४) पूर्वाधार क्षेत्र :

## क)स्थानीय सडक,पुल तथा झोलुङ्गे पुल:

१. मकवानपुरगढी गाउँपालिकाको केन्द्र सम्म सवै वडाहरुवाट वाह्रै महिना सहज रुपमा सवारीसाधन संचालन हुनेगरी गौरवको योजना एक वडा एक सडक स्तरीकरणलाई प्राथमिकता दिइनेछ ।
२. सवै वडाको कार्यालयसम्म पुग्ने सडकलाई आवश्यक स्थानहरुमा पक्की वनाउदै लगिनेछ । साथै सडकहरुको वर्गिकरण गरी प्राथमिकताको आधारमा पक्कि वनाउदै लगिनेछ ।
३. स्थानिय वासिन्दालाई पर्ने असहजतालाई ध्यानमा राख्दै सामरी खोलाको दुवैतिर निर्माण गरिएको करिडोर सडकलाइ स्तरउन्नती गर्दै लगिने छ ।
४. मकवानपुरगढी ३ र ५ लाई जोडने धादिङ सामरी पुलको निर्माण कार्यमा निरन्तर पहल गरी कार्य सम्पन्न गर्नान जोड दिइनेछ ।

५. मकवानपुरगढी वडा नं ८ र भिमफेदी जोडने इक्चुङ-बुढिचौर सडक निर्माणलाई निरन्तर स्तरउन्नतीको लागि संघ र प्रदेशमा पहल गरिनेछ । साथै ओखरडाडा मच्छेडाडा सडक खण्डको स्तोन्नती गरिनेछ ।
६. बुढिचौर-इपा- सिस्नेरी ट्र्याक निर्माण कार्य भैसकेकोले सोको स्तरउन्नतीको लागि सहकार्य गरिनेछ ।
७. मकवानपुरगढी गाउँपालिका वडा नं १ र २ जोडने सडकहरुको प्राथमिकताका साथ संघको योजनामा राखी निर्माण गरिनेछ । साथै वडानं २ को बासपानी गोठदमार वेलिवृज निर्माणको लागि संघिय र प्रदेश सरकारसंग समन्वय गरी वेलिवृजको अवधारणा अगाडि वढाइनेछ साथै वेलिवृज निर्माणको लागि गाउँपालिकावाट वजेट व्यवस्था गरिनेछ ।
८. वडा १ को एक्लेखेत -आँपटार-रानिसेरा र दोभानचौर-फुलवारी-डाडागाउ अधेरी जोडने सडकलाई प्राथमिकताका साथ स्तरउन्नतीको लागि पहलगरिने छ ।
९. वासुदेव मार्ग अन्तर्गत डुम्रेकुना देखि बुढिचौर सम्मको सडक निर्माणको लागि संघिय सरकारसंग पहल गरि वजेटको व्यवस्था भएअनुसार कार्यन्वयनमा तदारुकता साथ गरिने छ ।
१०. गैरी भन्ज्याङ -वासपानी -सुकौरा-बुढीचौर सडक यसै वर्ष पक्की वनाउदै गइनेछ ।
११. पिप्ले मक्रान्चुली शिखरकटेरी सडक स्तरउन्नतीको लागि आवश्यक वजेट व्यवस्था गरिनेछ ।
१२. पिपलवोट धमिले हुदै सोल्टी मोड जाने सडकको स्तरउन्नती गरिने छ ।
१३. ऐतिहासिक स्थल मकवानपुरगढी दरवार र ढुङगेगढी जाने सडकलाई स्तरोन्नती कार्य अगाडी वडाइने छ ।
१४. कान्तीलोकपथ रानीडाँडा आपटार सडक स्तरोननती को लागि पहल गरिनेछ ।
१५. मकवानपुरगढी वडा नं. ७ को लामाखोला कार्किडाडा,जुरेथुम हात्तिआल हुदै जितपुर भन्ज्याङ सम्म जोडने सडक स्तरउन्नतीको लागि पहल गरिने छ ।
१६. तल्लो जिम्मर नरसिंह डाडा जोडने सडक स्तरउन्नती गरिने छ ।
१७. माथिल्लो जिम्मर नरसिंह डाडा जोडने सडक निर्माण तथा स्तरउन्नती गर्न पहल गरिने छ ।
१८. मकवानपुरगढी ३ को मक्रान्डाडा-धमिले सडक निर्माण गरिनेछ ।
१९. मकवानपुरगढी गाउँपालिका वडा नं ४ मननकामना ठेकिचोक सामरी ग्रामिण कृषि सडक यसै वर्ष पक्की वनाइनेछ ।
२०. मकवानपुरगढी गाउँपालिका वडा नं ४ सामरी सयपत्री टोल हुदै मनकामना चोक पुग्ने सडकको स्तरउन्नती गरीनेछ ।
२१. ढाप रानिशेरा वेलघारी सडक स्तरउन्नती गरिने छ।
२२. सुकौरा खोलामा पक्कि पुल निर्माणको लागि आवश्यक पहल गरिने छ ।
२३. वरवोट समरी सडक ,सामरी नर्सरी सडक तथा मक्रान्चुली वेलिवृज सडक क्रमश पक्कि वनाउदै लगिनेछ ।
२४. कार्किखोलामा पक्कि पुल निर्माणको लागि आवश्यक पहल गरिने छ ।
२५. प्रतापटोल हुदै जाने कुर्ले दमार धरमपानी खोल्सी कल्भर्ट निर्माणको लागि आवश्यक वजेट व्यवस्था गरिनेछ।
२६. ज्यामिरे चन्द्रसुर्य आमभन्ज्याङ सुकरौरा सडक स्तर उन्नती गरिनेछ ।
२७. चन्द्र सुर्य सोलिथुम नरसिंहडाडा वैकल्पिक वासुदेव मार्ग निर्माण गर्न आवश्यक वजेट व्यवस्था गरिनेछ ।
२८. भालुखोला च्याफल भन्ज्याङ घोप्टे गाउँ सडक स्तर उन्नतीको लागि पहल गरिनेछ ।
२९. डुम्रेकुना मझुवाटोल हुदै तिपघाट सडक स्तर उन्नतीको लागी पहल गरिने छ ।
३०. हुमागाइ टोल सडक स्तर उन्नती गरिनेछ ।
३१. फुटसल मोरङगे झल्ला सडको स्तर उन्नती गरिनेछ ।

३२. मकवानपुरगढी गाउँपालिका वडा नं ४ वुर्जाडाडा सामरी सडक स्तरउन्नती गरिने छ ।

३३. धरमचुली लामिडाडा कृषि सडक २,३,४ को स्तरउन्नती गरिनेछ ।

३४. पालिका केन्द्र देविडाडा वेलिवृज यसै वर्ष सम्पन्न गरिने छ र धमिले जाने सडकको उन्नती गरिनेछ ।

## ख) सिंचाईः

१. गाउँपालिका अन्तर्गत विभिन्न वडामा निर्माणाधिन अधुरा सिंचाईका योजनाहरुलाई पुरा गर्दै संचालन तर्फ जोड दिईने छ साथै नयाँ माग भई आएका सिंचाई योजनाहरुको सम्भाव्यता अध्ययन गरी सो को स्रोत सुनिश्चित गर्न विभिन्न निकायहरु सँग पहल गरिनेछ ।

२. कम्तीमा १० घरधुरीसम्मलाई लाभ दिन सक्ने साना सिंचाईको सम्भावना देखिएमा त्यस्ता योजनाहरुमा गाउँपालिका आफैंले "साना सिंचाई योजना" लागु गरिनेछ ।

३. साना तथा थोपा सिंचाईका योजनाहरु समुह तथा कृषि सहकारीहरु सँग समन्वय गरी लागत साझेदारीको अधारमा कार्यान्वयन गरिनेछ ।

४. सिंचाई आयोजना, कुलो, नहर, पाईप लाईन, डिप बोरिङ तथा प्लास्टीक पोखरी एवम् थोपा सिंचाई कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

५. कुर्ले सिचाई योजनालाई निर्माणको लागि आवश्यक डिपिआर तयार गरी निर्माणको लागि बजेटको ब्यवस्थापन पहल गरिनेछ ।

६. तल्लो कुर्लेदमार सिंचाई योजना निर्माणलाई निरन्तरता दिइएको छ ।

७. खोलाखेत, धवाडी, माथिल्ला धवाडी, आँपखोला तथा मजुवा सिंचाई योजना निर्माण गर्न संघ र प्रदेशमा सरकारसँग बजेट माग गरिनेछ ।

८. धमिले, डुम्रेकुना, झल्ला सिंचाईको लागि आवश्यक वजेट व्यवस्थाको लागि प्रदेश सरकार सँग पहल गरी कार्यान्वयनमा जोड गरिनेछ।

९. धादिङ छेउ अधुरो सिचाइ योजनालाई पुर्णता दिइने छ ।

१०. ज्यामिरे कालिवन सिचाइलाइ पुर्णता दिइने छ ।

११. खड्का दमार कालिखोला सिचाइ योजनालाई पुर्णता दिइने छ ।

## ग) भवन निर्माण तथा बस्ती विकासः

१. गाउँपालिकाले दिगो विकासका पुर्वाधारहरु तयार गर्ने क्रममा गाउँ यातायात गुरुयोजना (**RMTMP**) तयार भई कार्यान्वयनमा आईसकेकोले सोही गुरुयोजनामा उल्लेखित सडक मापदण्डका आधारमा भवन निर्माण तथा नक्शा कार्यलाई व्यवस्थित गरिने छ ।

२. गाउँपालिकाको स्वीकृति लिएर मात्र जग्गा प्लटिङ्ग र वस्ति विकास कार्यक्रम संचालन गर्न्ने नीति लिईनेछ ।

३. गाउँपालिकाले उपयुक्त क्षेत्रको छनौट गरी बस्ती विकास कार्यलाई उच्च प्राथमिकता दिई आगामी आर्थिक वर्षबाट नै सम्भाव्यता अध्ययन गरी क्षेत्र छनौटको कार्य प्रारम्भ गरिनेछ ।

४. विकासको पूर्वाधार पुऱ्याउन नसकिने, बसोबासको लागि योग्य बस्तीलाई संघ र प्रदेश सरकारका निकायसँग समन्वय गरी उपयुक्त जग्गाको खोजी गरी बस्ती स्थानान्तरण गर्ने नीति लिइनेछ ।

५. हाल निर्माणाधिन अवस्थामा रहेका वडा कार्यालय तथा स्वास्थ्य भवनको स्तरोन्नती तथा आवश्यक थप पूर्वाधार विकास गरी व्यवस्थित गरीनेछ ।

६. मकवानपुरगढी गाउँपालिका वडा न. ७ को वडा कार्यालय भवन निर्माणका लागि आवश्यक वजेटको ब्यवस्था गरिनेछ ।

७. मकवानपुरगढी गाउँपालिकामा उत्पादित रैथाने उत्पादनको विक्रिवितरण तथा प्रवर्द्धनार्थ कोशेली घर निर्माणको लागि आवश्यक बजेट ब्यवस्थापन गरिनेछ ।

८. मकवानपुरगढी अस्पतालको भौतिक संरचना निर्माण कार्य पुरा गर्न आवश्यक पहल गरिने छ ।

९. अधुरो रहेको कोल्डस्टोर निर्माण सम्पन्न गरी संचालन गर्न आवश्यक पहल गरिने छ ।

१०. जनता आवास कार्यक्रम संचालन गर्न आवश्यक वजेट व्यवस्था गरिनेछ ।

११. गाउँपालिकाको भवन निर्माणको लागि आवश्यक जग्गा व्यवस्था गरी भवन निर्माणको लागि संघिय सरकार संग वजेट माग गरिने छ ।

## घ) विद्युतीकरण एवम् वैकल्पिक उर्जाः

१. विद्युत नपुगेका वडा वा टोल बस्तीमा विद्युत पुऱ्याउन सम्वन्धित निकायहरुँग सहकार्य गरी लागत साझेदारीमा विद्युत विस्तारका आयोजनाहरु संचालन गरिनेछ ।

२. विद्युत विस्तार भएका तर भोल्टेज सुधार तथा लाइन स्तरीकरण गर्न अत्यावश्यक ठाउँको एकिन गरी सिमेन्टको पोल तथा ट्युवलर पोल परिवर्तन गर्न सम्वन्धित निकायसँग समन्वय गरी कार्य अगाडि वढाईनेछ ।

३. भौगोलिक विकटता साथै सुकौरा रानीसेरा गढी दरवार क्षेत्र सेवा हुने गरी मकवानपुरगढी गाउँपालिका वडा नं. २ शिखरकटेरीमा फ्युज सेवा युनिट सहित थप कर्मचारी व्यवस्था गर्न विद्युत प्राधिकरण सँग समन्वय गरी कार्य अगाडि बढाईनेछ ।

## ङ) सूचना तथा सञ्चारः

१. गाउँपालिकामा आधुनिक प्रविधियुक्त अनलाईन सूचना डेक्स निर्माण गरी सुचना प्रवाह थप व्यवस्थित गरिनेछ ।

२. गाउँपालिकाको सबै क्षेत्रमा नेपाल टेलिकमको सहजै प्राप्त गर्न सकिने प्रविधि विस्तार गर्ने व्यवस्था मिलाइनेछ । गाउँपालिका क्षेत्रबाट टेलिकमको लाइनमार्फत सेवा प्रवाह गर्न सम्बन्धित निकायसँग समन्वय गरी कार्य अगाडि बढाइनेछ ।

३. स्थानीय स्तरमा जनतालाई विभिन्न सुचना प्रदान गर्ने मनोरञ्जन संगै उपयोगी ज्ञान प्रदान गर्ने, सिपको प्रवाह, स्थानीय उत्पादन र व्यवसायलाई समेत सहयोग पुऱ्याउन मकवानपुरगढी एफ.एम रेडियो संचालनलाई जनमुखी बनाउने कार्यक्रम तथा रेडियो कार्यक्रमलाई प्रोत्साहन गरिनेछ साथै उक्त सञ्चार सूचना प्रचार प्रसारका लागि मकवानपुरगढी तथा अन्य एफ.एम वा अन्य संचार माध्याम मार्फत समेत कार्यक्रम अगाडि बढाइनेछ ।

४. गाउँपालिका तथा वडा तहबाट सम्पादन हुने सार्वजनिक सेवा प्रवाहको सेवालाई नागरिक वडापत्र मार्फत सूचित गरिनेछ ।

५. गाउँपालिका भित्र भएका सवै क्षेत्रका गतिविधीहरु भुगोलबाट नै रिपोर्टीङ र प्रचार प्रसार गरी थप प्रभावकारी र उपलब्धीमुलक बनाउन संचार क्षेत्रमा कार्यरत संस्थाहरु, रेडियो, तथा स्थानीय पत्रकारहरु संग समन्वय गरी कार्यक्रम संचालन गरिने छ ।
६. मकवानपुरगढी गाउँपालिकाका वडाहरुमा इन्टरनेट सेवालाई थप व्यवस्थित गरी सार्वजनिक सेवालाई प्रविधिमैत्री बनाई वडाबाट प्रवाह हुने सेवालाई प्रभावकारी बनाइनेछ ।
७. वडा कार्यालयमा सेवाग्राहीको पहुँच विस्तार गर्न सूचना प्रविधिमैत्री बनाइनेछ ।
८. सम्भावित दुर्घटना हुने स्थानहरुमा र मुख्य बजार क्षेत्रमा सिसि क्यामराको व्यवस्थापन गर्दै लगिनेछ ।

**४) वातावरण तथा विपद् व्यवस्थापन**

**क) वन तथा वातावरण :**

१. वर्षे पिच्छे वन क्षेत्रमा लाग्ने डढेँलोबाट हुने क्षती न्यूनीकरण गर्न वन क्षेत्र आसपासका बासिन्दा र वन उपभोक्ता समितिहरुलाई डढेलो नियन्त्रण सम्बन्धि चेतनामूलक तालिमको व्यवस्था गरिनेछ । साथै वनमा सुकेका पातपतिङ्गार संकलन गर्ने स्थानीय बासिन्दाहरुलाई प्रोत्साहन अनुदानको व्यवस्थापन गरिनेछ ।.
२. बाँदरले नखाने वाली लगाउन कृषकहरुलाई प्रोत्साहन गरिनेछ । साथै वाझो जग्गामा घाँस खेति गर्न प्रोत्साहन गरी घाँस लगाउन प्रोत्साहन अनुदानको समेत व्यवस्था गरिने छ ।
३. वन समिति र स्थानीय सरकार विच साझेदारी सम्बन्धी कार्यक्रमहरु ल्याइनेछ ।
४. लोपोन्मुख जातिका फलफुलहरु जस्तै काफल, चिउरी, लालिगुरासँ फुल, आदिको प्रवर्द्धन लागि नर्सरी स्थापना गर्न सम्बन्धित पक्षसँग सहकार्य गरिनेछ ।
५. वन तथा वातावरणलाई स्वच्छ राख्न र फोहरमैलाको व्यवस्थापन गरी जैविक मलमा रुपान्तरण गरिनेछ ।
६. वर्षे पिच्छे हुने वन डढेलोको कारणले खानेपानीको पाइप डडेर नष्ट भएको अवस्थामा दिगोपन हुने खानेपानी पाइपको व्यवस्था गरिनेछ साथै पाइप पुर्न श्रम संस्कृतिको अवधारणा अगाडि बढाइने छ ।
७. डढेँलो नियन्त्रणका लागि अग्निरेखा निर्माणमा वन उपभोक्ता समितिहरुसँग सहकार्य गर्ने निति लिइने छ ।
८. आवश्यकता अनुसार वन ऐनलाइ समय सापेक्ष संशोधन गरिनेछ ।

**ख) बस्ती संरक्षण तथा विपद व्यवस्थापन :**

१. वाढी, पहिरो, भुकम्प, खडेरी, हावाहुरी, असिना पानी, चट्याङ लगायत प्राकृतिक प्रकोपवाट प्रभावितहरुलाई तत्काल उद्धार तथा राहत एवं पुनस्थापनाको लागि स्थापना भएको विपद् व्यवस्थापन कोषलाई विस्तृत रुपले फराकिलो वनाउने र पिडितहरुलाई तुरुन्त प्रदान गर्न राहत प्याकेजको व्यवस्था गरिनेछ ।

२. भु-क्षय हुने ठाउँहरु खोला नदीको किनारा जस्ता ठाउँहरुमा वृक्षारोपणका अभियानहरु संचालन गरी मानव वस्ती क्षेत्रमा हुने नोक्सानीलाई न्युनिकरण गरिनेछ ।

३. उद्योगहरु सँग सहकार्य र समन्वय गरी समयमै मानव वस्ती संरक्षणका काम गर्ने गराउने वातावरण वनाइनेछ । साथै सम्भव भएसम्म नदिको क्षेत्र ७० मिटर चौडा हुने गरी नदिको दुवै तिर सामरी कोरिडोर सडकलाइ पक्कि वनाउदै जाने निति लिइनेछ ।

४. खानी प्रभावित वडा ७,६,२,३,५ लाई शिवम सिमेन्ट उद्योगलाइ चेक ड्याम तथा वस्ति संरक्षणको कार्यमा लगाइनेछ ।

## ग) भू—उपयोग तथा संरक्षण

१.गाउँपालिकाभित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको तथ्यांक संकलन कार्य सम्पन्न भईसकेको सन्दर्भमा सम्बन्धित निकायहरुसँग समन्वय गरी जग्गाको नापी तथा लालपूर्जा बितरण कार्य अगाडि बढाईनेछ । सो कार्यको लागि आवश्यक उपकरण सहित जनशक्तिको व्यवस्था गरिनेछ ।भुमि व्यवस्था सम्बन्धी कार्यलाई व्यवस्थित गरिनेछ ।

२. मकवानपुरगढी गाउँपालिकामा जग्गा बाँझो राखी अन्यत्र बसोबास गरिरहेकाहरुका लागि "गाउँ फर्कौ, जमिन जोतौं, उत्पादन बढाऔं" कार्यक्रम लागु गरिनेछ । त्यसरी अन्यत्रबाट गाउँ फर्की तरकारी खेती, गाई पालन, बाख्रा पालन र अन्न उत्पादन गर्नेहरुका लागि प्रोत्साहन गरिनेछ ।

३.बाँझो जमिनको उपयोग सम्वन्धी कार्यविधि अनुसार कृषिजन्य तथा पशुपालनको लागि उपयोगमा ल्याउने, कृषि र पशुपालनको सम्भावना कम भएका जग्गाहरुमा जडीवुटी, वनस्पतिजन्य एवम् काष्ठजन्य उत्पादनका लागि प्रोत्साहन गर्न भूमि बैंक सम्बन्धी अवधारणलाई व्यस्थित कार्यान्वयन प्रक्रिया अगाडि बढाईनेछ ।

४. भू—उपयोग योजनाको प्रभावकारी कार्यान्वयन गरी उत्पादनशील तथा कृषि योग्य भूमिहरुमा जग्गा प्लटिङ तथा कुनै पनि उत्खनन्जन्य उद्योग तथा व्यक्तिगत उत्खनन्मा कडाईका साथ रोक लगाउने नीति अवलम्वन गरिनेछ ।

५. सामुदायिक प्रयोजन भन्दा वाहेक सार्वजनिक जग्गा प्रयोग वा अतिक्रमण गर्न नपाईने नीति कडाईका साथ लागु गरीनेछ ।

# ५. संस्थागत विकास, सेवा प्रवाह र सुशासन

### क) सामान्य सेवा

१.विकास निर्माणको कार्यका साथ साथै जनतालाई सार्वजनिक सेवा प्रवाहको लागि सबै वडा कार्यालयहरुको भौतिक र प्रविधि पुर्वाधार विकासमा जोड दिइनेछ ।

२.सार्वजनिक सेवालाई छिटो छरितो, मितव्ययी, पारदर्शी र सूचना प्रविधिमैत्री बनाउनको लागि आवश्यक पुर्वाधार सहित पदाधिकारी तथा कर्मचारीको क्षमता विकासको लागि आवश्यक तालिम कार्यक्रम संचालन गरिनेछ ।

३.सूचनाको हक प्रवद्र्धन गर्न आवश्यक कार्यक्रम संचालन र सूचना अधिकारीको क्षमता विकासको कार्यक्रम संचालन गरिनेछ ।

४.कार्यसम्पादन मुल्यांकनमा उत्कृष्ट कार्य गर्ने मध्येका कर्मचारी र जनप्रतिनिधिलाई प्रोत्साहन र मुल्यांकन गर्ने व्यवस्था गरिने छ ।

५.न्याय प्रणालीको प्रस्थान बिन्दु न्यायिक समिति स्वतन्त्र, निष्पक्ष, पहुँचयोग्य, सक्षम र विश्वसनीय बनाई मनाव अधिकार र मौलिक हकको सम्मान संरक्षण सम्वर्धन गर्दै न्यायिक समिति मार्फत छिटो, छरितो, निष्पक्ष, प्रभावकारी र उत्तरदायी न्याय व्यवस्था कायम गरी मेलमिलापको माध्यमबाट विवादको समाधान गरिनेछ ।

६. कानूनको अनविज्ञता क्षम्य हुदैन भन्ने फौजदारी न्यायको सिद्धान्तलाई अवलम्बन गर्दै गाउँ, टोल, विद्यालय एवम् वडा तहदेखि पालिका क्षेत्रका सबै सर्वसाधारणलाई कानूनी सचेतनता तथा अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ । मेलमिलापकर्तालाई आधारभूत तालिम तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

७. वडा तहमा मेलमिलाप केन्द्रको स्थापना गरी कार्यालय सञ्चालनको व्यवस्था गरिनेछ ।

८. टोल विकास संस्थालाई अझ व्यवस्थित गर्नका लागि कार्यविधि संशोधन गरी जनसंख्या र २०० सम्म घरधुरीको आधारमा टोल विकासलाई व्यवस्थित गरिनेछ ।

९. गरिब, असहाय, आर्थिकरुपले कमजोर रहेका व्यक्ति एवम् परिवारलाई न्याय पहुँच सुनिश्चित गर्न निःशुल्क रुपमा बहस पैरवीका लागि सहजीकरण गरिनेछ ।

१०. विद्यालय तहका बालबालिकाहरुलाई लक्षित गरी कानूनी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

११. कानूनी सचेतना र मेलमिलाप सम्बन्धी कार्यविधि एवम् काम, कर्तव्य र अधिकार सम्बन्धी रेडियो कार्यक्रम सञ्चालन गरिनेछ । जसमा बालविवाह सम्बन्धी कानूनी व्यवस्था, लागू औषध दूर्व्यसनी, विद्युतीय अपराध, सामाजिक सञ्जालबाट हुने दुर्व्यवहार सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. गाउँपालिकावाट आन्तरिक श्रोतमा नियुक्ति भएका करारका कर्मचारीकोहरुको १० प्रतिशत तलव वृद्धि गरिनेछ ।सो तलव स्केल संघिय सरकारको समान पदको भन्दा वढि हुने गरि प्रदान गरिने छैन ।

**ख) सूचना प्रविधि**

१.गाउँपालिकाका सबैखाले सूचनाहरुलाई आमजनता सामु सहज तरिका मार्फत पुऱ्याउन वेभसाईट, फेसबुक पेज लगायतका अनलाईन पोर्टलहरुलाई अध्यावधिक गरिनेछ । साथै समुदाय स्तरमा सूचना प्रविधि सम्बन्धी साक्षरताका अभियान संचालन गरिनेछ ।

२ GIS प्रणालीमा आधारित गाउँपालिकाको डिजिटल प्रोफाईल निर्माण कार्यक्रमलाई अगाडि बढाईनेछ । सो का लागि प्रदेश तथा संघीय सरकारसँग समेत बजेट सहकार्यका लागि अनुरोध गरिनेछ ।

३.गाउँपालिका कार्यलय तथा वडा कार्यालयहरुमा सेवाग्राहीहरुलाई लक्षित गरी डिजिटल नागरिक वडापत्रको सुरुवात गरिनेछ ।

४.गाउँपालिका अन्तर्गतका कार्यालयहरुमा अनलाईन हाजिरी तथा डिजिटल सूचना पाटीको थालनी गरिएकोमा सो कार्यलाई थप व्यवस्थित गरिनछ ।

५.गाउँपालिकाको सभाहल निर्माणको चरणमा रहेकोले सो हललाई व्यवस्थित गरी डिजिटल प्रविधिमैत्री बनाईने छ ।

६.प्रत्येक घरघुरीको विवरण वडा कार्यालयवाट हेर्न मिल्ने पद्धती वनाउनकव् लागि आवश्यक वजेट व्यवस्थागरी यसै आ.व. वाट सुचारु गराईने छ ।

**ग) पञ्जिकरण व्यवस्थापन**

१.अनलाइन घटना दर्ता प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाई वार्षिक रुपमा पालिकाको जनसाङ्ख्यिक विवरणलाई व्यवस्थित गरिनेछ ।

२.गाउँपालिकाबाट बितरण हुने सामाजिक सुरक्षा भत्तालाई आ.व. २०७९/८० देखि बैंकिङ प्रणाली मार्फत वितरणको सुरुवात गरिएकोमा बैंक सँग थप समन्वय गरी आ.व. २०८२/०८३ देखि लाभग्राहीहरुलाई वडा तहबाटै सहज सेवा प्राप्तिको व्यवस्था मिलाईनेछ ।

३.जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्ध विच्छेद जस्ता घटनाहरुलाई निर्धारित समयमै वडा कार्यालयमा दर्ता गराउने प्रक्रियालाई प्रभावकारी बनाउन घटना दर्ता सम्बन्धी सचेतना तथा प्रोत्साहनका कार्यक्रमहरु संचालन गरिनेछ ।

**घ) सुशासन प्रवर्द्धन**

१. सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण तथा योजनाहरुको सार्वजनिक परिक्षण गर्ने कार्यलाई व्यवस्थित गरिनुका साथै जहाँ योजना त्यहाँ सामाजिक परिक्षण नीतिलाई कडाईका साथ लागु गरी योजनामा जनताको अपनत्व वोध गराउन पहल गरिनेछ ।

२. क्षमता विकास, सीप विकास तथा जनचेतनामूलक तालिम कार्यक्रमहरु संचालनको लागि लक्षित समूह, स्थानीय सामुदायिक संस्था, आमा समूह, सामुदायिक दर्ता भएका संस्थाहरु, सहकारी संस्थाहरु र स्थानीय अन्य सामाजिक संघ संस्था मार्फत संचालन गर्न प्राथमिकता दिइनेछ । यसरी कार्यक्रम संचालन गर्नु अघि उक्त संस्थाहरु अनिवार्य रुपमा गाउँपालिकामा सुचिकृत गर्नु पर्ने प्रावधानलाई कडाईका साथ लागू गरिनेछ ।

३. सामाजिक सुशासनमा समुदाय प्रहरी साझेदारी कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

४. समाजमा सुशासन कायम गर्ने ध्ययले तयार गरी कार्यान्वयनमा ल्याईएको सामाजिक सुधार ऐनलाई सबै पक्षसँग समन्वय गरी कार्यान्वयनमा ल्याइने छ ।

## ङ) राजस्व प्रशासन

१.गाउँपालिकाको राजश्व सुधार योजना तयार गरी आन्तरिक राजश्व अभिवृध्दिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरुको पहिचान गर्दै सो क्षेत्रबाट कर संकलन गरिनेछ।

२.राजश्व चुहावट हुने नाकामा सि.सि. क्यामरा जडान गरी अनुगमनलाई कडाई गरिनेछ। साथै राजश्व चुहावट नियन्त्रणको लागि आवश्यकता अनुसार नगर प्रहरी परिचालन गरिनेछ।

३.गाउँपालिकाको राजश्व शाखालाई सुदृढ, सक्षम र प्रविधि मैत्री बनाईनेछ।

४.गाउँपालिकाभित्र सञ्चालनमा रहेका सम्पुर्ण व्यवसाय/फर्म/संस्था/उघोग लगायतका फर्महरुको अनिवार्य दर्ता, नवीकरण र सूचीकृत गर्ने कार्य छिटो, छरितो, पारदर्शी र प्रभावकारी रुपले अगाडि बढाईनेछ।दर्ता, नवीकरण तथा सूचीकृत विना व्यवसाय गर्ने प्रवृतिलाई निरुत्साहित गर्ने नीति लिईनेछ।

५.आन्तरिक राजश्व संकलनमा अनलाइन प्रविधि लागु गर्न प्रत्येक वडाका सचिवहरुलाई स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणाली राजस्व मोडल संचालन सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

६.गाउँपालिका अन्तर्गतका बासिहरुलाई राजश्व चुहावट नियन्त्रण र जानकारीको लागि गाउँपालिकाको ५ वटा स्थानहरु (वडा नं.२,३,४,५र ६) मा होल्डिङ्ग बोर्ड राखिनेछ।

## <u>६.</u>विविध क्षेत्र

१.गाउँपालिकाबाट संचालित तथा माथिल्ला निकायहरुबाट संचालन भएका योजना, दातृ संघ संस्थाबाट भएका कामको गाउपालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति मार्फत प्रभावकारी अनुगमन गरिने छ ।

२.गाउँपालिकामा कुनै पनि गैर सरकारी संघ संस्था तथा दातृ निकायहरुले कार्यक्रम संचालन गर्दा, गाउँलिकाको पुर्व स्वीकृति अनिवार्य लिनुपर्ने नीतिलाई काडाईका साथ लागु गरिनेछ ।

३.गाउँपालिकामा उद्योगहरुबाट खानी उत्खनन् भएको छ, क्रसर उद्योगहरु संचालित छन्, यी अवसरहरुलाई हामीले सकारात्मक रुपमा लिनुपर्ने हुन्छ । उद्योगहरु संचालन हुँदा उनीहरुले वातावरण प्रभाव मूल्याङ्कन लगायत सबै उत्खनन् विधीहरु अलवम्वन गर्नुपर्दछ । यी सबै विधि र प्रक्रिया पुरा नहुँदा संविधान मौलिकहकले सुनिश्चित गरेको, स्वच्छ वातावरणको हक, खाद्य सम्वन्धी हक, आवासको हक सम्बन्धी व्यवस्था आकर्षित भएको देखिन्छ । यसको व्यवस्थापनका लागि सम्वन्धित उद्योगहरुसँग क्षतिपूर्ति तथा सहायता लिई प्रभावित क्षेत्र र प्रभावित जनताको हकहित र संरक्षणमा उपभोग गर्ने एवम् प्रभावलाई न्युनीकरण गर्ने नीति लिईने छ ।
४.राजनीतिक आन्दोलनमा सहभागी भई योगदान पुराएका द्वन्द्व पिडित परिवारहरुको स्वास्थ्य शिक्षा र जीविकोपार्जनमा सहयोग गरी सहजता बनाउने व्यवस्था मिलाइनेछ ।
५."विपन्न परिवारसँग गाउँपालिका अध्यक्ष कार्यक्रम" मार्फत गाउँपालिकाभित्र रहेका विपन्न परिवारको आर्थिक समस्याको सम्बोधनका लागि सहजीकरण गर्ने नीतिलाई निरन्तरण दिईने छ ।
६.जनअभिमत सर्वेक्षण तथा अन्वेषणगरी सरकारले ल्याएको नीति तथा कार्यक्रमको प्रभावकारिता वारे वुझ्ने कार्यक्रम ल्याउनेछ ।
७.गाउँसभावाट स्विकृत भएको मकवानपुरढी श्रम ऐन तथा मकवानपुरगढी सामाजिक सुरक्षा द्धन समय सापेक्ष संशोधन गर्दै लगिनेछ ।

## आदरणीय सभाध्यक्ष महोदय तथा उपस्थित सभाका सदस्यज्युहरु,

अव म उपरोक्त नीति तथा कार्यक्रम कार्यावन्यनको लागि आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि प्रस्तावित आय तथा व्ययको अनुमानित विवरण पेश गर्ने अनुमती चाहान्छु ।

## आयतर्फ

संघीय सरकार वित्तिय समानिकरण अनुदान **१० करोड ७ लाख,** प्रदेश वित्तिय समानिकरण अनुदान तर्फ **९७ लाख ९३ हजार** गरि जम्मा वित्तिय समानिकरण अनुदान रु **११ करोड** ४ **लाख ९३ हजार** प्राप्त हुने अनुमान गरिएको छ

त्यसैगरी संघिय सरकार राजस्व वाडफाड **मुल्य अभिवृद्धि कर ७ करोड ३ लाख ३६ हजार , अन्त शुल्क राजस्व** २ **करोड** ३४ लाख ४५ हजार , **खानि तथा खनिज सम्वन्धितरोयल्टी** १ **करोड** १२ लाख, **घर जग्गा रजिष्ट्रेशन शुल्क १ करोड २५ लाख, वाडफाड हुने सवारी सधन कर २ करोड ३५ लाख, वाडफाड भइ प्राप्त हुने वन रोयल्टी ६ लाख** र **ढुङगा ,गिट्टि वालुवा नदिजन्य पदार्थ(नदिजन्य पदार्थ) ३ करोड ५० लाख** सहित जम्मा राजस्व वाडफाडवाट प्राप्त हुने रकम रु **१७ करोड ६५ लाख ८१ हजार** को अनुमान गरीएको छ ।

त्यसै गरी आन्तरिक आय तर्फ **१ करोड २५ लाख** र गत वर्षको मौज्दात **३ करोड ५० लाख** गरि जम्मा ४ **करोड ७५ लाख** संकलन हुने अनुमान गरिएको छ ।
संघिय सरकार शर्शत अनुदान **चालु तर्फ २३ करोड ५५ लाख** र **पुजिगत तर्फ ५ करोड** ४९ **लाख** गरि जम्मा **२९ करोड** ४ **लाख** र प्रदेश सरकारवाट शर्शत अनुदान अन्तर्गत चालु **तर्फ ३ करोड ६१ लाख १० हजार** र **पुजिगत तर्फ १ करोड ५० लाख** गरि जम्मा **५ करोड ११ लाख १० हजार** अनुमान गरिएको छ ।

संघिय सरकारको समपुरक अनुदान **१ करोड ५० लाख** र प्रदेश सरकारवाट समपुरक अनुदान **२ करोड ३० लाख** गरि जम्मा **३ करोड ८० लाख** को अनुमान गरिएको छ ।

त्यसै गरि संघिय विशेष अनुदान रु **२ करोड** र प्रदेश विशेष अनुदान **६५ लाख** गरि जम्मा **२ करोड ६५ लाख**को आय अनुमान गरिएको छ ।

यस प्रकार यस गाउँपालिकाको आर्थिक वर्ष ०८२/०८३ को लागि जम्मा **आय तर्फ ७४ करोड ५ लाख ८४ हजार** अनुमानित आय पेश गरेको छु।

## व्यय तर्फ

कुल वजेट **७४ करोड ५ लाख ८४ हजार** अनुमानित खर्चमा पुजिगत तर्फ **३२ करोड ३५ लाख १८ हजार** (**४३.६८ प्रतिशत**) र चालु तर्फ **४१ करोड ७० लाख ६६ हजार (५६.३१ प्रतिशत)** गरी कुल व्यय रु **७४ करोड ५ लाख ८४ हजार** को अनुमानित व्यय पेश गरेको छु ।

## आदरणीय सभाध्यक्ष महोदय तथा उपस्थित सभाका सदस्यज्युहरु,

अव म आर्थिक वर्ष २०८२/०८३ का लागि अनुमान गरिएको व्यय अनुमानवाट निति कार्यक्रम वमोजिम व्यय हुने विषय क्षेत्रगत वनियोजित गरेको शाराशंमा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**वियष क्षेत्रगत व्यय अनुमान देहाय वमोजिम विनियोजित गरेको छु ।**

- आर्थिक विकास क्षेत्र अन्तर्गत कुल **व्यय अनुमानको रु ५ करोड ४५ लाख** विनियोजित गरेको छु सो रकम कुल व्ययको **७ दशमलव ३६ प्रतिशत** हुन आउने छ ।
- पुर्वाधार विकास क्षेत्रमा कुल व्यय अनुमानको **रु १८ करोड ६० लाख** विनियोजित गरेको छु ।कुल विनियोजित रकमको **२५ दशमलव १२** प्रतिशत हुन आउने छ ।
- संस्थागत विकास,सेवाप्रवाह र सुशासन क्षेत्र अन्तर्गत **रु १ करोड ३ लाख** विनियोजन गरेको छु जुन कुल व्ययको **१ दशमलव ३९ प्रतिशत** हुन आउने छ ।
- त्यसैगरी वन,वातावरण तथा विपद व्यवस्थापनमा **रु ८१ लाख ३५ हजार** वजेट विनियोजन गरेको छू । सो रकम कुल व्ययको १ **दशमलव ०९ प्रतिशत** रहेको छ ।
- अर्को तर्फ विषय क्षेत्रगत व्यय अन्तर्गत सामाजिक विकास क्षेत्रमा **रु ३८ करोड ६६ लाख ४९ हजार** विनियोजित गरेको छु जुन कुल व्ययको **५२ दशमलव २२ प्रतिशत** विनियोजित गरेको छु ।
- कुल व्यय अनुमान मध्ये आगामि वर्षका लागि कार्यालय संचालन तथा प्रशासनिक खर्च अन्तर्गत **रु ९ करोड ५० लाख** विनियोजित गरेको छू जुन कुल व्यय अनुमानको **१२ दशमलव ८२ प्रतिशत** हुन आउछ ।

**आदरणीय सभाध्यक्षज्यू तथा सभाका सदस्यज्यूहरु,**

प्रस्ताव भएको अनुमानित आय अनुसार विषयगत खर्च शिर्षकमा विनियोजित भउको वजेटलाई कार्यक्रमगत, आयोजनागत तथा वडागत रुपमा बाँडफााड गरी यस पछिको सभावाट क्रमश दफावार छलफलपछि मात्र स्वीकृत गरिने व्यहोरा यस सम्मानित सभा समक्ष निवेदन गर्दछु ।

**आदरणिय सभाध्यक्षज्यू तथा सभाका सदस्यज्यूहरु,**

हामीले पर्याप्त समस्याहरूका बीचमा सम्भावना खोज्दै गरेको अवस्था हो । मुलुकले सङ्घीय शासन व्यवस्था अबलम्बन गरे पश्चात् स्थानीय तहमा सम्भावना र अवसर खोज्ने साथै मुलुकको कायाँपलट गर्ने दायीत्व हाम्रो काँधमा रहेको छ । यसका लागि हामीले योजना तर्जुमा गर्दा सेवामूलक, उत्पादनमूलक, रोजगारमूलक, वातावरणमैत्री र रीतिरिवाजको संरक्षण गर्ने खालका कार्यक्रमहरूलाई सन्तुलित ढङ्गले अगाडि बढाउन सकियो भने गाउँपालिकाको मूल नारा **"मकवानपुरगढी गाउँपालिकाको समृद्धिको आधार, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार"** को दीर्घकालीन सोच साकार पारेर गाउँपालिकालाई समृद्ध बनाउन सकिने कुरामा विश्वास व्यक्त गर्न चाहान्छु ।

यस गाउँपालिकालाई समृद्ध बनाई जनतालाई सुखी बनाउन सकिन्छ । यस अवसरलाई उजागर गर्दै समृद्ध गाउँपालिका बनाउन जनताले हामीलाई निर्वाचित गरी पठाउनु भएको छ । जनताको नजरमा हामीले यो अग्नि परीक्षामा उत्तीर्ण हुनु छ । यो जङ्घार तर्ने माध्यम भनेको हामीले बनाएको नीति तथा कार्यक्रम र यसलाई सघाउने योजना निर्माण नै हुन् । तसर्थ आजको प्रस्तुत नीति तथा कार्यक्रम अनुसार आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम बन्ने र प्रभावकारी कार्यान्वयनमा गम्भीर छलफल र सल्लाह सुझाव प्राप्त हुने नै छ भन्ने पूर्ण विश्वास लिएको छु । आजको प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्न प्रत्यक्ष रुपमा अहोरात्र खटिई सहयोग गर्नु हुने प्रमुख प्रशासकीय अधिकृत श्री सुधन लामिछाने ज्यू तथा अन्य विषयगत शाखाका कर्मचारी साथीहरूलाई विशेष धन्यवादका साथै आजको यस कार्यक्रममा पाल्नु हुने सम्पूर्ण वडाका वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, विषयगत समितिका पदाधिकारीहरु, गाउँसभा सदस्यज्यूहरू तथा बुद्धिजीवी, समाजसेवी, पत्रकार, सुरक्षाकर्मी र देश विदेशमा रहनु भएका यस मकवानपुरगढी गाउँपालिका बासी आम दाजुभाइ, दिदीबहिनीहरू सबैमा हार्दिक कृतज्ञता र आभार प्रकट गर्दछु ।

# धन्यवाद